आज मिति २०७७ साल जेठ ९ गते शुक्रबारका दिन विहान १०:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रवि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री देल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी, प्रमुख प्रशासकीय अधिकृत एवम सचिव (नगर कार्यपालिका)

प्रमुख

Scanned with CamScanner

अन्य उपस्थिती :

श्री कोपिला पौडेल भट्टराई , आर्थिक प्रशासन शाखा प्रमुख
श्री अजय कुमार श्रीवास्तव, स्वास्थ्य शाखा प्रमुख
श्री तारापति भट्टराई , पूर्वाधार विकास शाखा प्रमुख
श्री विनोद प्रसाद कडेल , जिन्सी शाखा प्रमुख

Scanned with CamScanner

प्रमुख

निर्णय नं. १

मिति २०७७/०२/११ गते देखि आईतबार, सोमबार, बिहिबार र शुक्रबार खाद्यान्न पसल हरेक दिन बिहान ११:०० बजे देखि ३:०० बजे सम्म सामाजिक दुरी कायम राखी सुरक्षाको आवश्यक व्यवस्था गरेर बिक्रि वितरण गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. २

मिति २०७७/०२/११ गते देखि आईतवार, सोमबार, बिहिबार र शुक्रबार बैंक तथा सहकारी संस्थाहरुले सामाजिक दुरी कायम राखी आवश्यक सुरक्षा व्यवस्था गरी कारोवार सञ्चालन गर्ने । समूह जम्मा गरी गरिने लघुवित्तको कारोबार बन्द गर्ने ।

निर्णय नं. ३

कोरोना संक्रमणको नियन्त्रणको लागि आवश्यक पर्ने PPE, Mask,Thermogun,Sanitizer आदि सामाग्री अति आवश्यक भएकाले यथाशिघ्र कोटेसन मार्फत खरिद गर्ने ।

निर्णय नं. ४

रु. १० लाखभन्दा बढि रकमका योजनाहरु बोलपत्र हुन बाँकी रहेको अवस्था भए बाकी समयमा काम सक्ने अवस्था भएमा उपभोक्ता समिति मार्फत कार्य गराउने ।

निर्णय नं. ५

वडास्तरीय लक्षित वर्ग एवं तालिम, भ्रमणका कार्यक्रमको बाँकी रकम प्रतिफल छिटो देखिने गरि कृषि क्षेत्रमा रकमान्तर गर्ने ।

निर्णय नं. ६

शु.न.पा. वडा नं. ७ मा रहेको हेल्प डेक्समा खटाईएका ४ जना(दिनमा र रातमा) एवं भिमाद चोकमा खटिएका २ जना(दिनमा) स्थानीय व्यक्तिलाई दैनिक रु. ५००/- का दरले खटिएको दिन गणना गरी रकम उपलब्ध गराउने ।

निर्णय नं. ७

शु.न.पा-५ को क्वारेन्टाईनमा रहेका ६ जना व्यक्ति र २ जना सुरक्षाकर्मीलाई दैनिक विहान वेलुका खाना खाजा खुवाउदा लागेको खर्च एवं पंखा जडान गरेको सामाग्री सहितको रकम कोरोना कोषबाट भुक्तान गर्ने । आगामी दिनमा क्वारेन्टाइनमा राख्दा दैनिक रु. ४००।०० नबढने गरी खाना खाजाको प्रवन्ध गर्ने ।

निर्णय नं. ८

जि.पि.कोइराला फाउण्डेशन नजिकको अवैध संरचना निर्माण गरेको भनी जिल्ला प्रशासन कार्यालय, दमौलीबाट लेखि आएकोमा सो कार्य रोक्न सम्वन्धित पक्षहरुलाई पत्राचार गर्ने ।

प्रमुख

Scanned with CamScanner

प्रमुख

**निर्णय नं. ९**
सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्तिको अधिकार शिक्षा शाखासँग समन्वय गर्ने गरि सम्वन्धित विद्यालय व्यवस्थापन समितिलाई दिने ।

**निर्णय नं. १०**
नेपाल भारत सीमामा रहेका शुक्लागण्डकी नगरपालिकाका बासिन्दालाई यस नगरको पहलमा बस मार्फत ल्याउदा लाग्ने खर्च नगरपालिकाले भुक्तान गर्ने ।

**निर्णय नं. ११**
योजना पुस्तिकामा परेको शु.न.पा वडा नं. ९ र पो.म.न.पा वडा नं. ३३ जोड्ने सडक मार्गको ट्र्याक खोल्दा निस्कने ढुंगा, गिट्टी नगरपालिकाले तोकेको स्थानमा संकलन एवं नपाको निगरानीमा रहने गरी उपभोक्ता समिति मार्फत कार्य गर्न अनुमति प्रदान गर्ने ।

**निर्णय नं. १२**
शु.न.पा वडा नं. ३ निवासी सीता भुजेलको निजी आवासमा निरन्तरको वर्षाको कारण क्षति पुगेको हुदा प्रकोप व्यबस्थापन कोषबाट व्यहोर्ने गरी रु १५०००।– उपलब्ध गराउने ।

**निर्णय नं. १३**
निरन्तरको वर्षातका कारण एक्लेखेत खानेपानीमा क्षति पुर्याएको हुदा सो खानेपानी ट्यांकी संरक्षणका लागि प्राविधिक लगत ईष्टिमेत वमोजिमको रु. ६५,३९५।१९ आन्तरिक आयबाट व्यहोर्ने गरी विनियोजन गर्ने ।

**निर्णय नं. १४**
शु.न.पा वडा नं. १२ मा मोटरवाटो विस्तारका क्रममा लिलाचोक देखि अर्स्याङ्दी खोलासम्म मोटरवाटो निर्माणका क्रममा खानेपानी पाईपमा क्षति हुन पुगेको हुदा देहायको साईजका पाईपको लागतबमोजिमको रकम आन्तरिक आयवाट वेहोर्ने गरी रकम विनियोजन गर्ने :

क) १.५ ईन्च पाईप ७० मिटर
ख) ३२ एमएम पाईप १५० मिटर
ग) २५ एमएम पाईप १८० मिटर

**निर्णय नं. १५ :**
शु.न.पा वडा नं १२ तारेपधेरादेखि वावीया डाडासम्म खानेपानी सेवा उपलब्ध गराउन संम्बन्धित उपभोक्ता समितिवाट ०.५ ईन्चको पोलीथिन पाईप १५०० मिटर माग भै आएकोले मागवमोजिमको पाईपको रकम आन्तरिक आयवाट बेहोर्ने गरी रकम विनियोजन गर्ने ।

प्रमाणित

प्रमुख　　　　प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner